बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्र: रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## कृषि उद्यमशिलता विकास कार्यक्रमको लागि प्रस्ताव आब्हानको सूचना

सूचना नं.- २/०८१/८२

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१२)

कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गतको "कृषि उद्यमशिलता विकास कार्यक्रम" मा सहभागी हुन ईच्छुक रामेछाप र दोलखा जिल्लाका निजी कृषि फर्म/उद्यमी/कम्पनी हरुले आवेदकहरु ले यो सूचना प्रकाशन भएको मितिले २१औं दिन (मिति २०८१/०८/०२) सम्ममा कार्यालय समय भित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी यस कार्यालय वा सम्पर्क कार्यालय, दोलखा (सम्पर्क अधिकृतः नन्दराज ओली, ९८५४०४८७७७) मा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै इमेल ठेगाना applicationador2081@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिनेछ ।

| कार्यक्रमको नाम | ईकाइ | परिमाण | कुल बजेट (रु.) | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|
| कृषि उद्यमशिलता विकास कार्यक्रम | संख्या | २१ | ४२ लाख | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ |

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
२. अनुसूची ३ बमोजिमको प्रस्ताव पत्र र अनुसूची ४ बमोजिमको प्रतिवद्धता पत्र
३. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
४. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग एक बर्षे बालीको हकमा कम्तीमा ५ वर्षका लागि र बहुबर्षे बाली उत्पादन तथां बहु बर्षे बालीको हकमा २० बर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।
५. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
६. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
७. सम्बन्धित नगरपालिका/गाँउपालिकाको सम्बन्धित वडा कार्यालयबाट कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नहुने र कार्यक्रम दिन मनासिव हुने व्यहोरा खुलेको सिफारिस पत्र

**पूनश्चः** थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०४८-५४०३०८, ५४००६३/९८५४०२४५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि <u>कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८१</u> कृषि विकास कार्यलाय, रामेछापको वेबसाइट **<u>www.ramechhap.akc.gov.np</u>** मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका र तोकिएको इमेल ठेगाना बाहेक अन्य इमेलमा आएको आवेदनहरुमाथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन । साथै इमेल मार्फत प्रस्ताव पेश गर्दा आवश्यक सबै कागजातहरुको एउटा मात्र pdf file बनाइ पेश गर्नुपर्नेछ ।

प्रमुख